# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, असोज ०५ गते, २०७६ साल (अतिरिक्ताङ्क ४०

# भाग १

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन नं. ३०

**<u>प्रदेश नं. ५ प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन</u>**

**प्रस्तावनाः** प्रदेश नं. ५ प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५, को प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश नं. ५ प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी (प्रथम संशोधन) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रदेश नं. ५ प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ (यस पछि मूल ऐन भनिएको) को दफा २ मा संशोधनः** मूल ऐनको दफा २ को,-

(१) खण्ड (क) मा विपक्षी दलको प्रमुख सचेतक पछि "दलको नेता" र सत्ता पक्षको सचेतक पछि "विपक्षी दलको सचेतक" भन्ने शब्दहरु थपिएका छन् ।

(२) खण्ड (ञ) को अन्तमा पूर्णविराम अघि "र सो शब्दले विशेष समितिको संयोजकलाई समेत जनाउँछ" भन्ने वाक्यांश थपिएको छ ।

(३) खण्ड (ठ) पछि देहायको खण्ड (ड), (ढ) र (ण) थपिएको छः-

(ड) "दलको नेता" भन्नाले प्रदेश सभामा कम्तिमा ५ जना सदस्य संख्या रहेको दलको नेता सम्झनु पर्छ ।

(ढ) "विपक्षी दलको सचेतक" भन्नाले विपक्षी दलको नेताले विपक्षी दलको सचेतक भई काम गर्न तोकेको सदस्य सम्झनु पर्छ ।

(ण) "दलको प्रमुख सचेतक" भन्नाले दलको नेताले सो दलको प्रमुख सचेतक भई काम गर्न तोकेको सदस्य सम्झनु पर्छ ।

३. **<u>मूल ऐनको दफा ५ मा संशोधनः</u>** मूल ऐनको दफा ५ को,-

(१) उपदफा (५) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः- "तर प्रदेश सभा अवस्थित जिल्लामा घर हुने पदाधिकारी तथा सदस्यहरुलाई आवास सुविधाको सट्टा घर मर्मत खर्चको रुपमा अनुसूची–१ मा उल्लेखित आवास सुविधाको आधा रकम मासिक रुपमा उपलब्ध गराइनेछ ।"

४. **<u>मूल ऐनको दफा १० मा संशोधनः</u>** मूल ऐनको दफा १० को भ्रमण गर्दा भन्ने शब्द पछि "मृत्यु भएमा" भन्ने शब्दहरु थपिएका छन् ।

५. **<u>मूल ऐनको दफा ११ मा संशोधनः</u>** मूल ऐनको दफा ११ को सट्टा देहायको दफा ११ राखिएको छः-

उपचार सुविधाः (१) पदाधिकारी र सदस्यलाई उपचार सुविधा उपलब्ध गराउनका निम्ति सचिवालयको नाममा एउटा उपचार कोष रहने छ ।

(२) सो कोषमा प्रदेश सरकारले आवश्यक रकमको व्यवस्था गर्ने छ ।

(३) सो कोष संचालन गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई प्रचलित कानून बमोजिम सचिवालयले कार्यविधि बनाई लागु गर्ने छ ।

(४) उपदफा (१) बमोजिम स्थापना भएको कोषबाट उपदफा (३) बमोजिमको कार्यविधि अनुसार सचिवालयले पदाधिकारी तथा सदस्यहरूलाई उपचार खर्च उपलब्ध गराउने छ ।

(५) प्रदेश सभा सचिवालयले कोषबाट खर्च भएको रकमको शोधभर्ना आर्थिक मामिला तथा योजना मन्त्रालयबाट माग गर्ने छ ।

६. **<u>मूल ऐनको दफा १३ मा संशोधनः</u>** मूल ऐनको दफा १३ मा,-

(१) "पहिलो" भन्ने शब्दको सट्टा "प्रत्येक" भन्ने शब्द राखिएको छ।

(२) "अधिवेशनमा आउँदा" भन्ने शब्दहरु पछि "र जाँदा" भन्ने शब्दहरु राखिएका छन्।

प्रमाणीकरण मितिः २०७६/०६/०५

**आज्ञाले,**
**शंकरप्रसाद खरेल**
**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय